Jana Aakash National Weekly www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ४, २०८२ साल साउन २९ गते बिहीबार (August 14, 2025) www.janaakash.com.np

हार्दिक शुभकामना

जनआकाश साप्ताहिकले १७ वर्ष पुरा गरि १८ औं वर्षमा प्रवेस गरेको र ‘त्यसै पत्रिकाका प्रधान सम्पादक मोहन कार्की द्वारा लिखित ‘मलाई सुन्दर नेपाल बनाउँने रहर छ’ स्वदेश गानको लोकार्पण कार्यक्रमको उपलक्षमा हार्दिक बधाई तथा शुभाकामना साथै आउँदा दिनमा अझै उत्तर उत्तर प्रगतिको कामना गर्दछौं ।

श्री सितापाइला छाउनि विद्युतिय परिवहन सेवा प्रा. लि, परिवार
म्युजियम मार्ग-१५ काठमाडौं

# जनतालाई मालिक बनाउने नीति ल्याउ



■ मोहन कार्की

नेपालमा जनताको कुरा गर्ने धेरैछन् काम गर्ने मानिसहरुको संख्या थोरै छ । जनता विदेशमा रोजगारको लागि गईरहेका छन् । नेपालमा गरिने खेतीपती जस्तै विदेशमा पनि त्यस्तै काम नेपालीहरुले गरेको देखिन्छ । किन आफ्नो देशमा बसेर त्यस्तै काम गर्दैनन् । अरुको देशमा गएर त्यस्तै काम गर्न राजी हुन्छन् ।

नेपाल र विदेशमा के फरक

विदेशका विकसीत देशमा व्यवस्थापन राम्रो, लगानी गर्न सजिलो, श्रमको ग्यारेण्टी जस्ता सुनिश्चित भएको हुन्छ भने नेपालमा कानूनी झझट, विभिन्न खालका जनतालाईं निरुत्साहित बनाउने निकायहरु छन् । जसको कारण कहिल्यै पनि नेपाली नागरिकले आफ्नै देशभित्र सुरक्षित महसुस गर्दैनन् । यस्ता समस्याहरु बग्रेल्ती भईरहेको नागरिकले बताउदै आएकाछन् । गुनासो पोख्दै आएका छन् ।

यस्ता समस्याको जिम्मेवारी कस्को हो ?

यस्ता समस्याहरुलाई सावधान गर्न नीति बनाई कार्यन्वयन गर्ने निकाय भनेको संसद हो । संसदहरुले नीति नियम बनाउने अधिकार राख्छन् । त्यस्ता समस्याहरुलाई सावधान गर्न नीति नै चेन्ज गर्न सक्ने भनेको सरकारमा रहेको संख्या जुन पार्टीको धेरै छ त्यही पार्टीले गर्न सक्छ । तर सरकारमा पुगेका राजनीतिक पार्टीका संवैधानिक निकायहरु राजनीतिक नाममा खोलिएका पार्टीहरुले जनतालाई मालिक बनाउने भाषाणमा घोषणा गर्ने गरेका हुन्छन् । तर व्यवहारमा जनताले एउटा सेउला काट्न समेत डराई डराई काट्नुपर्ने अवस्था छ । २०२१ सालमा बनेको वन ऐन हालसम्म कायम छ । कतिपय ठाउँहरुमा जनताले चर्चेको जमिन पछि वन अतिक्रमण भयो भनेर जनतालाई उठिवास लगाउने काम हुने गरेको छ । २०२१ सालमा आएको भुमिसुधार एन आज पनि जस्ताको तस्तै छ । समय सुहाउदो नीति बनाउन सकेका छैनन् । जनताको जग्गा जमिनहरु पनि छरिएर रहेका हुन्छन् । यसलाई खेतीयोग्य जमिनलाई सदुपयोग गरेर परिवेश सुहाउदो तरिकाले उपयोग गर्न सकेको देखिदैन ।

» बाकी ६ पृष्ठमा

## राप्रपा निकट युवा संगठन विभाजित, समानान्तर समिति घोषणा



काठमाडौं । राप्रपा निकट राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनको काठमाडौं जिल्ला समिति विभाजित भएको छ । राप्रपा महामन्त्री डा. धवलशम्शेर राणा निकट समूहले समानान्तर समितिको घोषणा गरेका हुन् ।

आज चाबहिलमा आयोजित जिल्ला अधिवेशनमा दुई पक्षबिच हात हालाहाल भएको थियो । त्यसपछि अध्यक्ष राजेन्द्र लिङ्देनले अधिवेशन स्थगनको घोषणा गरेका थिए ।

उनी कार्यक्रमस्थल छोडेर हिंडेपछि असन्तुष्ट पक्षले ज्योति लामाको अध्यक्षतामा नयाँ समिति निर्वाचित भएको घोषणा गरेको छ ।

## थारू भाषालाई सरकारी कामकाजको भाषामा समावेश गर्न रास्वपाको माग



राष्ट्रिय स्वतन्त्र पार्टीले थारु भाषालाई कोशी प्रदेशको सरकारी कामकाजको भाषामा समावेश गर्न माग गरेको छ ।

रास्वपाका सांसद अशोक कुमार चौधरीले प्रतिनिधि सभाको बैठकमा सभामुखसँग समय लिएर यस्तो माग गरेका हुन् । बुधबार प्रतिनिधि सभाको बैठक सुरु भएलगत्तै सभामुखसँग समय लिएर बोल्दै रास्वपाका सांसद अशोक कुमार चौधरीले

» बाकी ६ पृष्ठमा

## काग्रेस संसदीय दलको नेता फेर्न १२ जना नपुगेको खबर एक जनाले सुनाए : ओली



काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले आजैमात्र आफूलाई एक जना मान्छेले भेटेर नेपाली कांग्रेसको संसदीय दलको नेता फेर्नेगरी कसरत भइरहेको जानकारी गराएको बताएका छन् ।

तर, यस्ता कुराहरू हल्लामात्र भएको भन्दै यस्ता कथा सुन्दा सुन्दै कान टट्याइसकेको बताएको प्रधानमन्त्री ओलीको भनाइ छ ।

‘आज बिहान आएर मात्रै मलाई एक जनाले भन्यो- नेपाली कांग्रेसभित्र एकदम ठूलो समस्या हुने भयो, दलको नेता फेर्न १२ जना पुगेको

» बाकी ६ पृष्ठमा

## युवा सञ्जालद्वारा नि:शुल्क स्वास्थ्य शिबिर सम्पन्न

■ विनोद कार्की

रामेछाप- रामेछापको गोकुलगंगा युवा सञ्जालले आयोजना गरेको स्वास्थ्य शिविरमा ९ सय भन्दा बढी दर्शनार्थीले स्वास्थ्य सेवा लिएका छन् ।

गोकुलगंगा गाउँपालिकास्थित युवा सञ्जालले पाँचपोखरी-जट्टापोखरी मेलामा जाने दर्शीनार्थीहरुलाई लक्षित गरी सञ्चालन गरेको शिविरमा ९ सय ३१ जना दर्शनार्थीले स्वास्थ्य सेवा लिएका हुन् ।

पाँच पोखरी र जट्टापोखरी दोलखाको जिरी नगरपालिका र रामेछापको गोकुलगंगा गाउँपालिकाको सिमानामा पर्दछ । त्यहाँ प्रत्येक वर्ष जनैपूर्णिमाको दिन भव्य मेला लाग्ने गरेको छ । तर, जनैपूर्णिमाको एक साता अघिदेखिनै दर्शन गर्न जाने दर्शनार्थी तथा पर्यटकहरु त्यहाँ पुग्ने गरेका छन् ।

सोही अवस्थालाई मध्यनजर गरी पर्यटक तथा दर्शनार्थीको स्वास्थ्यलाई मध्यनजर गर्दै युवा सञ्जालले वडानम्बर १ चुचुरे वडा कार्यालय , चुचुरे स्वाथ्य चौकी र गोकुलगंगा अस्पतालको समेत सहयोगमा शिविर चलाएको थियो भने नेपाल सरकारबाट उपलब्ध निशुल्क औंषधीहरू बाहेक अन्य अति आवश्यक औंषधीहरू सञ्जालले खरिद गरेको थियो । यसैगरी केही मात्रामा गौरीशंकर संरक्षण क्षेत्र, अर्किड मेडिकल हल र शिवालय क्लिनिक एण्ड थाईराईड सेन्टरले



समेत औषधीहरू सहयोग गरेका थिए ।

उक्त स्थानमा शिविर सञ्चालन गर्न चुचुरे

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४,
२०८२ साल साउन २९ गते बिहीबार
14 AUGUST 2025, THURSDAY

...dfG5]s ;}h]klg sd{lno/ cfPsf]xbg . l ;hgf
u/]dfq efUo, ?k ;Gb/ xG5 . dfxkg sfsL{

## सम्पादकीय

## हामी १७ औ वर्षको यात्रा

नेपाली पत्रकारिताको क्षेत्रमा १७ वर्ष पार गरी आजवाट हामी १८ औ वर्षमा प्रवेश गरेका छौ । यो अनवरत यात्रामा पाठक, शुभचिन्तक, विज्ञापनदाता, कार्यालय सञ्चलनमा साथ दिनुहुने सवैको साथ नभएको भए यो यात्रा निक्कै कठिन हुने थियो । तर सवैले आ-आ□नो ठाउँवाट साथ समर्थन र उत्साह थपेरे यो अवस्थामा सम्म ल्याईपुऱ्याई दिनु भएको छ । यो नेपाली पत्रकारिताको क्षेत्रमा तपाईहरूले पुऱ्याउनु भएको योगदान अत्यन्तै महत्वपूर्ण छ ।

तपाईहरूले हाम्रो यस जनआकाश प्रकाशनलाई सुसभ्य समाज निर्माणको लागि शिक्षित नेपाली बनाउने अभियानमा साथ दिनुभएको छ । यसलाई अझै हामी निरन्तर रूपमा काम गर्ने प्रतिबद्धता गर्दै अगाडी बढ्ने तयारीमा छौ ।

२०७३ साल असोज ११ गते जनआकाशलाई कम्पनीको रूपमा विकास गर्दै कम्पनी रजिष्टारको कार्यालयमा दर्ता गरी जन आकाश साप्ताहिक प्रीन्ट सस्करणवाट शुरू भएको यात्रा हामीले २०७४ सालवाट अनलाई सस्करण शुरू गरेका थियौ । २०७७ वाट युटुव च्यानलको शुरूवाट गरेका छौ । हाल जनआकाश मिडियाको विकास गरी प्रतिभालाई सम्मान नवप्रतिभाहरूलाई प्रोत्साहन गर्ने उद्देश्य राखी संगीत खबर कार्यक्रम हप्ताको विहिबार सञ्चालन हुदै अएको छ ।

जन आकाशको बिभिन्न जिल्लाहरूमा रिपोर्टको लागि सम्पर्क प्रतिनिधित्वहरू रहेकाछन् । जनआकाश मिडियाले गएको ५ वर्षभित्रमा ४ वटा म्युजिक भिडियो तयार पारी सार्वजनिक गरेको छ । त्यसमा एउटा स्वदेश गान दुईवटा लोक गीत एउटा तिज गीत निर्माण गरी नवप्रतिभाहलाई प्रोत्साहन गर्नुको साथै सुसेली तिज गीत निर्माण गरेर सामाजिक उत्तरदाईत्व बहन गर्दै आएको छ ।

यस वर्षपनि जनआकाशले नै निर्माण गरेको स्वदेश गान आज सार्वजनिक हुदैछ ।

आज दिउसो एक बजे **jana akash tv** युटुब च्यानलवाट हेर्न सक्नुहुनेछ ।

# अन्तराष्ट्रिय श्रीकृष्णभावनामृत संघ ष्कअपयल भ्रम छर्दै

श्रेयान्स्वधर्मो बिग्रह परधर्मात्स्वनसष्ठितात् ।
स्वधर्मे निधनं श्रेय परधर्मो भयावाह ।
श्रीमद् भगवद् गिता ।
माधवानन्द



● माधब प्रसाद उपाध्याय, रिजाल

माथि उल्लेखित इस्कोनका संस्थापक भारत पश्चिम बंगालको कलकत्ता शहरमा जन्मि सोही शहरको प्रख्यात चर्च स्केटिकबाट उच्च शिक्षा प्राप्त गरेका, गौडिय बैष्णव सामाजका संस्थापक, गौडिय सम्प्रदायका गुरु, श्रील भक्ति सिद्धान्त सरस्वति गोश्वामिका प्रिय शिष्य श्री श्री मद् भक्ति बेदान्त स्वामी, प्रभुपाद हुन । उनलाई गौडिय बैष्णव सामाजले सन् १९४७ मा भक्ति बेदान्तको उपाधि प्रदान गरेको थियो ।

निज प्रभुपाद सन् १९६५ मा भारत छाडेर अमेरिका पुगेपछि त्याँहा कृश्चियन मेशनरिको सरसल्लाह, सहयोगमा न्युयोर्क शहरमा सो संध स्थापना गरेका पढ्न पाईन्छ । संधको मुख्य उदेश्य बिश्वभरि श्रीकृष्णको कृति, शक्ति, महिमा आदिको प्रचार, प्रसार साथ गुणगान गर्ने, गराउने भनिएको पाईन्छ ।

निज प्रभुपादले सो संघको संस्थापकको हैसियतले, श्री भक्ति बेदान्त बुक ट्रष्टबाट आफ्नो कृति श्रीमद् भगवद् गिता, यतारुप, मुल संस्करणको रुपमा सन् १९७२ मा प्रकाशित गरेको अध्ययनबाट देखिन्छ, । मैले वाँहाबाट रचित सो पुस्तकको हिन्दी भाषाको तथा नेपाली भाषामा अनुवाद गरिएको छुट्टाछुट्टै पुस्तक पढ्ने अवसर पाए । वाँहाले पुस्तकमा श्लोक तथा सोको भावार्थ प्रष्टरुपमा दर्शाउनु भएको भएतापनि भावार्थको तात्यर्यभनि बिस्तारित ब्याख्याा निकै चतुराई, धुर्त्याईसाथ शब्दहरु प्रयोग गरिएको पाईन्छ । जुन शब्दहरुको प्रयोगले निजको भित्री अर्थात गोप्य मनसाय गिताको प्रचार, प्रसारको माध्यममबाट समेत अदृश्यरुपले कृश्चियन धर्मको प्रचार गराउनु हो भन्ने आशय प्रष्ट बुझ्न सकिन्छ ।

आराध्यदेव श्रीकृष्णको भक्त बन्नु, वाहाको शुभकार्यहरुको प्रचार गर्नं, कृतिको गुणगान गाउनु अरुलाई पनि गाउन लगाउनु आदि कार्य निकै सराहनिय उत्तम कर्म हो, जुन अति प्रशंसनिय मान्दछु ।तर सो कार्यहरुलाई नै माध्यम बनाई अदृश्यरुपले सनातनि ग्रन्थ, हिन्दुको देबि, देउता, नेपालको भुभाग आदिबारे भ्रामकरुपले नाकारात्मक प्रचार, प्रसार गर्नं, गराउनु बाट पनि निजको मनशाय सफा नरहेको बुझिन्छ । जुन अति निन्दनीय तथा सोचनिय बिषय मान्दछु ।

निजले लेख्नुभएको उपरोक्त पुस्तकको विभिन्न अध्यायहरुको बिस्तारित तात्पर्यको ब्याख्याको सुक्ष्मरुपले अध्ययन गर्दा उनको शब्द प्रयोगको चतुराई, धुर्त्याई प्रष्टरुपले बुझ्न सकिन्छ । मैले पुस्तक अध्ययन गर्दा केही अध्यायमा फेला पारेको केही त्यस्ता नाकारात्मक व्याख्या सन्दर्भमा यसरी छोटकरिमा प्रस्तुत गर्दछु ।

१) अध्याय २ (गिता सार)को श्लोक नं २ को तात्पर्यको बिस्तारितमा=श्रीकृष्ण मात्र भगवान हुन, ब्रह्मा, शिव, नारायण जस्ता कोहि जीव पनि श्रीकृष्ण समान छैनन् भनी हाम्रा आराध्य त्रिदेव (ब, ह्मा, बिष्णु र शिव)लाई शक्तिहिन साधारण जीव भन्दै हामी सनातनि हिन्दु धर्मावलम्बीको आस्था, श्रद्धा, बिश्वासमा प्रहार गरी ठूलो आधात पुर्याउने प्रयास गरेको प्रष्ट पढ्न पाईन्छ ।

२) अध्याय ३ (कर्मयोग)को स्लोक नं २१ मा मिथिला नरेश जनक( शिरध्वज)को ज्ञान, कर्म आदिको खुला हृदयले प्रशंसा गर्नंभएको पाईन्छ, जस्को म हृदय देखिनै सम्मान गर्दछु तर वाँहाले अदृश्यरुपले हामो, आस्थामा प्रहार गर्दै माता जानकीको जन्मभूमि बारे बिबाद ल्याउने गरी राजा जनकको राजधानी भारत बिहारको एक प्रगंना भनी लेख्नु भनेको नेपालको भुभाग बारे भ्रम फलाउनेगरी जानाजान दुष्ट प्रबृति प्रदर्शन हो, भन्ने प्रष्ट संकेत गर्दछ ।

मिथिला नरेश राजर्षि जनक (शिरध्वज) भन्दा २१ पुस्ता अधिका राजा निभिको राजधानीलाई सो समयमा बिदेश जनपद भनिन्थ्यो । सो समयमा पनि वाँहाको राज्यसिमाना दक्षिणमा गंगा नदि सम्म नै थियो । वाँहा पछि बिदेह जनपदको राजा मिथि हुनुभयो । वाँहाले आफ्नो शासनकालमा राज्यको नाउ फेरि मिथिला राख्नुभएको पढ्न पाईन्छ, । यो प्रसंग त्रेतायुगसंग सम्बन्धित हो ।

तर निज प्रभुपादले सन् १९७२ मा यो पुस्तक लेख्दा राजा जनकको राज्य भारत बिहारको एक प्रान्त हो भनी लेख्नु जानजान माता सीताको जन्मभूमि बारे बिबाद नित्याउने अदृश्य प्रयास भन्दा अत्युक्ति नहोला ।

३) अध्याय ११ (बिराटरुप) को स्लोक नं ५५मा =इश्वर चेतनाको प्रचारगर्ने सन्दर्भमा कति पटक भक्तले आफ्नो जीवनलाई संकटमा ल्याउनु पर्दछ । जस्को सबैभन्दा उत्तम उदाहरण जिसस क्राईष्ट हुन भनी लेखेकाछन् । जिसस क्राईष्टले आफ्नो जीवन कृष्ण भावनामृतको प्रचारमा लगाएकै कारणबाट अभक्तले उनलाई सुलिमा चढाए उनी मरे भन्नू ठिक होइन आदि, ईत्यादि । उनले हिन्दु धर्मग्रन्थमा यसरी उपयुक्त उदाहरणभनि जिसस क्राईष्टको नाउ लेख्नु धार्मिक अपराध हो ।

उनले जिसस क्राईष्ट प्रती अति आस्था, श्रद्धा दर्शाई बडो चतुराईसाथ शब्दहरु प्रयोग गरी जिसस क्राईष्टलाई देवत्वकरण गर्ने प्रयास भएको देखिन्छ ।

जसरि कुनै समयमा दलाई लामाले बुद्ध- क्राईष्ट अवधारणा अधि सारेका थिए, त्यसरी नै निज प्रभुपादले निकै चतुराई पुर्बक गिताको प्रचारको माध्यमबाट नै अदृश्यरुपले कृष्ण -क्राईष्ट अवधारणा अधिसारेको आभाष गरेकोछु ।

अन्तमा

ईस्कोनले श्रीमद् भगवद् गिताको माध्यमबाट श्रीकृष्ण भावनाभावित भन्दै उनको गुण, कर्म, कृति, लिलाआदिको प्रचार गर्ने, गुणगान गाउने आदिलाई माध्यम बनाई आफ्नो अदृश् चाहना कृश्चियन धर्मको प्रचार गर्नं, गराउनु प्रष्ट झल्किन्छ । जुन कार्य अति निन्दनीय तथा हामी सनातनिको लागि अपाच्य नै मान्दछु ।

अत: सनातन वैदिक धर्मसंग सम्बन्धित संध, संस्था तथा तिनका पदाधिकारी महोदयहरुको समेत यस बिषय तर्फ ध्यानाकर्षण होस भनी बिनम् अनुरोध पनि गर्दछु ।

# जनआकाशको १८ औं वार्षिकोत्सब र यसको सन्देश



● दामोदर ढकाल दीपक

१८ वर्ष अगाडि जन्मेको एउटा बच्चाले कम्तिमा १२ कक्षा पास गरिसकेको हुन्छ । १८ वर्ष अगाडि रोपेको विरूवाले हजारौं चराचुरुङ्गीलाई आश्रय र उल्लेख्य मात्रामा फल र छहारि प्रदान गरिसकेको हुन्छ । भन्नुको तात्पर्य १८ वर्ष एउटा युग हो । कोही मान्छे नमज्जाले पछारियो भने नौ बल्ड्याङ पछारियो भनिन्छ । यस्तो नौ बल्ड्याङ्ग पनि दुई पटक पछारिइ सकेर जनआकाशले १८ औं वार्षिकोत्सब मनाइरहेको छ । यो सुखद र सार्थक छ ।

एउटा युवक मोहन कार्कीले परिकल्पना गरेर सुरू गरेको यो प्रकाशन । सीमित श्रोत साधन तर दृढ इच्छाशक्तिको कारण यो पत्रिकाले आफना अठारौं वसन्त देखेको छ । कठ्याङ्गिने जाडो, उखरमाउलो गर्मी, विनाशकारी भूकम्प अनि त्रासदीपूर्ण कोरोना काल गुजारेको छ । राजनीतिक रूपमा कति सरकार ढले । कति नीयम कानूनहरू फेरिए तर पनि जनआकाश एउटा सिद्ध पुरूष मुस्कुराए जस्तो मुस्कुराई रहेको छ । आफ्नो कर्तव्यपथमा लुलादेखि मजबुद पैतालाहरूले टेक्ने सामर्थ्यमा पुगेको छ ।

यो अठार वर्षको अवधिमा जनआकाश मार्फत कतिले पत्रकारिता सुरू गरे । कतिले साहित्यिक सिर्जना सुरू गरे, कतिले बजार व्यवस्थापन सिके । जनआकाश गुरू संस्थाको रूपमा अटल र सतिसाल जत्तिकै उभिइरह्यो ।

प्रविधिले फड्को मारेसँगै जनआकाशले डिजिटल प्रविधिमा पनि आफूलाई उभ्यायो र जनआकाश डट.कम र जनआकाश टिभी सञ्चालनमा ल्यायो । राष्ट्र र समाजका लागि सधैंव पारदर्शी ऐनाको जस्तो काम गर्यो । समाजिक, साहित्यिक र संगीत क्षेत्रमा विशिष्ट योगदान पुर्याउने व्यक्तित्वको खोजी गरी निरन्तर सम्मान गर्न सदैव अगाडि सरिरह्यो । जनआकाश साप्ताहिकको यी सत्कर्मको जति प्रशंसा गरे पनि थाकिदैन । यो अठारौं वार्षिकोत्सबको हार्दिक शुभकामना ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# सामाजिक सञ्जालबाट चर्चामा आएकी सुप्रभा अधिकारी



काठमाडौं- सामाजिक सञ्जाल टिकटकबाट भाइरल हुँदै आम दर्शकमाझ चिनिएकी कलाकार सुप्रभा अधिकारी पछिल्लो समय मोडलिङमा समेत सक्रिय देखिन्छिन् । छोटो समयमा दर्शकको मन जित्न सफल भएकी अधिकारीले अहिले म्युजिक भिडियो तथा व्यावसायिक प्रोजेक्टहरूमा मोडलका रूपमा व्यस्त समय बिताइरहेकी छिन् ।

सुप्रभा अधिकारीको यात्रा सामान्य टिकटक भिडियोबाट सुरु भएको हो । उनीद्वारा बनाइएका रमाइला, भिडियोहरू सामाजिक सञ्जालमा छिट्टै भाइरल हुन थालेपछि उनी दर्शकमाझ परिचित नाम बन्न पुगेकी थिइन् । उनका धेरैभिडियोहरू मिलियन,मिलियन दर्शकहरुले लाखौं पटक हेरिएको पाइन्छ भने हजारौं प्रयोगकर्ताले उनको अभिनयको तारिफसमेत गरेका छन् ।

सामाजिक सञ्जालमा पाइरहेको लोकप्रियतालाई उनले कलाकारिता यात्रा सुरु गर्ने अवसरको रूपमा लिइन् । उनले मोडलिङ क्षेत्रमा आफ्नो करियर विस्तार गर्दै थुप्रै म्युजिक भिडियोमा प्रमुख भूमिकामा अभिनय गरिसकेकी छिन् । उनले अभिनय गरेका थुप्रै भिडियोहरूले युट्युब लगायतका प्लेटफर्ममा राम्रो चर्चा बटुल्न सफल भएका छन् ।

उनले सामाजिक सञ्जाल टिकटकले कलाकारलाई आफ्नो प्रतिभा देखाउने ठूलो मञ्च दिएको नयाँ प्रतिभालाई अवसर टिकटकले अवसर समेत दिएको जन आकाश मिडियाले निर्माण गरेको संगीत खबर कार्यक्रममा बताएकीछिन् । सही नियत र निरन्तरताका साथ मेहनत गरे कुनै पनि माध्यमबाट कलाकारिताको यात्रा सुरु गर्न सकिन्छ, भन्ने विश्वास समेत व्यक्त गरेकी छन् ।

हाल उनी थप नयाँ प्रोजेक्टहरूमा संलग्न हुँदै आफ्नो क्षमता र सिर्जनात्मकतालाई अझ फैलाउने योजनामा रहेको बताउछिन् कलाकारिता क्षेत्रमा नयाँ सम्भावनाको खोजीमा रहेकी सुप्रभा अधिकारीको आगामी प्रोजेक्टहरूमा कस्तो योगदान रहनेछ भन्ने कुराले धेरै दर्शकको चासो बटुलेको छ ।

# रामेछाप डायरी



## संस्कृति संरक्षणमा जुट्दै भंगेरीका नेवार समुदाय



रामेछापको रामेछाप नगरपालिका वडा नं ८ भंगेरीमा रहेका नेवार समुदायले देखाउने लाखेनाच चलिरहेको छ । भंगेरी लाखे नाच सांस्कृतिक समुहले यहि साउन २४ गते जनैपूर्णिमाको दिनदेखी लाखेनाच प्रदर्शन गरिरहेको छ । साउन ३१ गते श्रीकृष्ण जन्माष्टमीका दिनसम्म लाखेनाच प्रदर्शन गरिने भंगेरी लाखे नाच सांस्कृतिक समुहका अध्यक्ष नरेश बाबु श्रेष्ठले जानकारी दिनुभयो ।

एक हप्तासम्म विविध सांस्कृतिक नृत्य तथा झाँकी सहित पालेवन,रामेछाप बजार,भंगेरी लगायतका ठाउँहरुमा विशेष सांस्कृतिक कार्यक्रम सहित लाखे नाच प्रदर्शन गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो । श्रीकृष्ण जन्माष्टमीका दिन राती १० बजे झगडे चौर भंगरीमा लाखे बद्य गरेपछि यो वर्षको कार्यक्रम समापन हुने उहाँले बताउनुभयो ।

२००९ सालदेखी निरन्तर रुपमा भंगेरीका नेवार समुदायले लाखे नाच प्रदर्शन गर्दै आएका छन । नेवारी मात्रै नभएर विभिन्न जातजातिका भेषभूषा सहित विविधि सांस्कृतिक कार्यक्रम सहित लाखे नाच प्रदर्शन गरिदै आएको छ । कला,संस्कृति,रितिरिवाज,भेषभूषा लगायतका संस्कृति संरक्षणमा भंगेरीका नेवार समुदाय जुट्दै आएका छन ।

## खाँडादेवी मन्दिर जाने सडक पक्की बन्दै, डिटेल सर्भे हुँदै



रामेछापको खाँडादेवी मन्दिर जाने सडकलाई पक्की बनाउन आजबाट डिटेल सर्भे हुन लागेको छ । गाल्पा,दोरम्बा सडकबाट साँढे ३ किलोमिटर भित्र मन्दिरसम्म पुग्ने कच्चि सडक अब पक्की बन्ने भएको हो । निकै अप्ठ्यारो कच्चि सडक हुँदै मन्दिर पुग्नुपर्ने बाध्यता अब अन्त्य हुने भएको छ ।

बागमती प्रदेश भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत चालु आर्थिक वर्षमा ५५ लाख रकम विनियोजन भएको गाउँपालिका अध्यक्ष ज्ञान कुमार श्रेष्ठले बताउनुभयो । बहुवर्षीय आयोजना अन्तर्गत मन्दिर जाने सडकलाई पक्की सडक बनाउन सर्भेका लागी प्राविधिक टोली खाँडादेवी आएका छन । सर्भेको काम सकिएपछि बहुवर्षीय ठेक्का लगाइने छ ।

यो सडकलाई दिगो,बलियो र टिकाउ बनाउन ढलान गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो । बागमती प्रदेश भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत चालु आर्थिक वर्षमा गाल्पा अग्लेश्वरी दोरम्बा शैलुङ सडकका लागि १ करोड ८० लाख र राकाथुम गाल्पा सडकका लागि १ करोड २१ लाख रकम विनियोजन भएको छ । यि सडकहरु निर्माणको लागी बहुवर्षीय ठेक्का लगाई तीन वर्षमा निर्माण कार्य सक्ने योजना रहेको पनि अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

# झुम्का कारागारबाट कैदी फरार भएपछि छानबिन समिति गठन




विराटनगर- सुनसरीको झुम्का कारागारबाट जबरजस्ती करणी मुद्दाका एक जना कैदी फरार भएपछि छानबिनका लागि ५ सदस्यीय समिति गठन भएको छ ।

फरार हुनेमा खोटाङ दिप्रुङ चुइचुम्मा-२ का २८ वर्षीय रूपक पौडेल खत्री हुन् । उनी मंगलबार राति भागेको जनाइएको छ ।


खत्रीलाई कारागारको 'बी' ब्लकमा राखिएको थियो । उनी भागेको हो होइन भन्ने विषयमा अझै टुङ्गो लागि नसकेको सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले बताए । 'कारागारबाट एक जना कैदी मिसिङ छन्,' मिश्रले भने, 'फरार भएको पनि हुन सक्छ खोजी कार्य जारी रहेको छ ।'

उनले त्यसका लागि सहायक प्रमुख जिल्ला अधिकारी लोकमान श्रेष्ठको नेतृत्वमा नेपाल प्रहरीका डीएसपी, सशस्त्र प्रहरी बल (एपिएफ) का डीएसपी, राष्ट्रिय अनुसन्धानका इन्स्पेक्टर र कारागारका नासु (सदस्य-सचिव) रहेको समिति गठन भएको बताए ।

'घटना सुरक्षाको कमजोरीले हो कि, कारागार प्रशासनको कमजोरीले हो कि, खटिएको प्रहरी कर्मचारीको कमजोरीले हो भन्ने विषयमा छानबिन भइरहेको छ,' मिश्रले भने ।

सामूहिक बलात्कारको घटनामा संलग्न खत्रीलाई जिल्ला अदालत सुनसरीले २०८१ चैत २५ गते १३ वर्ष कैद सजाय हुने फैसला गरेको थियो । कारागारमा १ हजार ८ सयको हाराहारीमा कैदीबन्दी रहेको प्रमुख जिल्ला अधिकारी मिश्रले बताए ।

# चौध वर्षमा पनि बनेन कमलामा पुल



सिरहा- कमला नदीमा २०६८ सालमा निर्माण सुरु भएको पक्की पुल अझै अधुरो छ । तीन वर्षमा सम्पन्न गर्ने भनिएको पुल १४ वर्षमा पनि पूरा नहुँदा सिरहा र धनुषाका सर्वसाधारण वर्षायाममा अधिक प्रभावित हुने गरेका छन् । उनीहरूको एकमात्र सहारा डुङ्गा बनेको छ ।


सिरहा नगरपालिका-५ का वासुदेव यादव दैनिक गाईवस्तुलाई घाँसपात गर्न नदीपारि जाने गर्छन् । हरेक वर्षासँगै डराइडराई नदीपार गर्नुपर्ने उनको दैनिकी छ । "पानी बढेपछि डुङ्गा चढ्न पनि डर लाग्छ, तर विकल्प छैन", उनले भने ।

सामान्यतया वर्षायामबाहेक अरु बेला काठको सानो पुल प्रयोग हुने गरेको थियो । तर बर्खासँगै आएको बाढीले काठको पुल बगाएपछि अब डुङ्गामात्रै एक विकल्प बनेको छ । नदीपार गर्न हुलाकी सडक प्रयोग गर्ने यात्रीलाई डुङ्गा प्रयोगको प्रतिमोटरसाइकल रु १०० र प्रतिव्यक्ति रु ५० तिर्नुपर्ने बाध्यता छ ।

कमलामा स्थायी पुल अभावको प्रत्यक्ष असर स्वास्थ्य सेवामा पुगेको छ । सिरहा अस्पतालबाट जनकपुर 'रेफर' गरिएका बिरामीलाई घुमाउरो बाटो भएर जानुपर्ने बाध्यता छ । प्रादेशिक अस्पतालका 'मेडिकल सुपरिटेन्डेन्ट' डा सुनिलप्रसाद कुशवाहाका अनुसार पारिपट्टि नदी सिमानाका धनुषावासी बिरामीका लागि नजिक भए पनि उनीहरू जनकपुरसम्म जानुपर्ने बाध्यता छ । नदीवारि कोही गम्भीर प्रकृतिका बिरामीका लागि लामो र घुमाउरो बाटोबाट ढिला गरी लैजाँदा बाटैमा मृत्यु हुनसक्ने सम्भावना छ ।"

सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार पुल नहुँदा पैदलयात्रीले बाँसको फड्के वा डुङ्गाबाट नदीपार गर्नुपर्ने अवस्था छ ।

# तिजको नाँच हेर्न गएकी बालिकालाई ढुंगाले हानेर लखेटीलखेटी बलात्कार




काठमाडौं- दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिकामा साउन २२ गते साँझ तिजको नाँच हेर्न गएकी बालिका बलात्कारमा परेकी छिन् । गाउँका दुई युवकले लखेटीलखेटी बालिकालाई बलात्कार गरेको घटना सार्वजनिक भएको छ ।

जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी निरीक्षक तथा सूचना अधिकारी लालबहादुर सुनारले बालिका बलात्कारमा संलग्न दुई जनालाई नियन्त्रणमा लिएको जानकारी दिए ।

पक्राउ पर्नेमा चामुण्डाबिन्द्रासैनी नगरपालिका-८ का २३ वर्षीय गोविन्दबहादुर शाही र २५ वर्षीय खगेन्द्र भण्डारी छन् । उनीहरूले छिमेक गाउँकी १२ वर्षीया बालिकालाई लखेटेर पालैपालो बलात्कार गरेका प्रहरी अनुसन्धानको क्रममा खुलेको छ ।

राति तीजको नाँच हेरेर एकै उमेरका ४,५ जना किशोरीको समूह घर फर्किंदै रहेछन्,' सुनारले भने, 'त्यही समयमा गोविन्द र खगेन्द्रले उनीहरूलाई पिछा गरे । पिछा गरेको चाल पाएपछि

किशोरीहरूभागेछन् । तर गोविन्द र खगेन्द्रले ती किशोरीलाई लखेट्न छाडेनन् । लखेटेरै उनीहरूले एक बालिकालाई समातेर पालैपालो बलात्कार गरेछन् ।'

ती बालिकाका साथीहरूले भागेर ज्यान जोगाएका प्रहरीले जनाएको छ । अरोपितहरुले बलात्कार गरेकी बालिकालाई ढुंगासमेत प्रहार गरेका छन् ।

उनीहरुले प्रहार गरेको ढुंगाले हातमा चोट लागेका कारण बालिका धेरै भाग्न सकिनन् । ढुंगाको चोटले ढलेकी ती बालिकालाई उनीहरुले एकान्तमा लगेर पालैपालो बलात्कार गरेका प्रहरीले जनाएको छ ।

सुनारका अनुसार भागेर ज्यान जोगाएका किशोरीहरूले तत्कालै घरमा घटनाको बारेमा जानकारी दिएपछि अभिभावकहरु घटनास्थल पुगेका थिए ।

बालिकाका अभिभावक घटनास्थल पुगेको थाहा पाएपछि ती बालिकालाई बेहोस् अवस्थामा छाडेर उनीहरू भागेका प्रहरीले जनाएको छ ।

बालिकालाई घटना घटेकै दिन उपचारका लागि अस्पताल पुऱ्याइएको थियो । उपचारमा रहेका चिकित्सकका अनुसार बालिकाको दाहिने हात मर्केको छ भने गुप्ताङ्गमा घाउ छ ।

पीडित बालिकाका आफन्तले शुक्रबार प्रहरीलाई जाहेरी दिएका छन् । सोही जाहेरीका आधारमा ती युवकलाई पक्राउ गरिएको जिल्ला प्रहरी कर्यालय दैलेख जनाएको छ ।

बालिकाको जिल्ला अस्पताल दैलेखका उपचार भइरकेको छ । बालिकाको अवस्था सामान्य बन्दै गएको प्रहरी निरीक्षक सुनार बताए ।

## सूचना

प्रत्येक मंगलबार प्रकाशन हुँदै आएको जनआकाशको १८ औं वार्षिकोत्सवको कारण बिहिबार प्रकाशन गरिएको छ ।

# प्रभु बैंकको नाफा १० गुणा बढेर ५ अर्ब नाघ्यो

काठमाडौं- प्रभु बैंकको नाफा १० गुणा (९६५ प्रतिशत विन्दु) बढेको छ । बैंकले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८१,८२ को चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणले यस्तो देखाएको हो ।

अघिल्लो आर्थिक वर्ष २०८०,८१ मा ५१ करोड रूपैयाँ नाफा कमाएकोमा गत आर्थिक वर्षमा बैंकले ५ अर्ब ४४ करोड रुपैयाँ नाफा गरेको हो ।

बैंकको खुद ब्याज आम्दानी घटेपनि अघिल्लो पटक राखेको प्रावधान फिर्ता (राइट ब्याक) गरेपछि नाफा बढ्न सहयोग पुगेको हो ।

बैंकले अघिल्लो पटक चार अर्ब ७१ करोड प्रावधान राखेको बैंकले यस पटक दुई अर्ब ५१ करोड फिर्ता ल्याएको छ ।बैंकको खुद ब्याज आम्दानी ३९ प्रतिशतले घटेको छ । ११ अर्ब ८९ करोडबाट घटेर सात अर्ब १९ करोड रुपैयाँमा सीमित भएको छ ।

बैंकको वितरण योग्य मुनाफा एक अर्ब चार करोड रुपैयाँ छ । बैंकले ४.४ प्रतिशत लाभांश दिन सक्ने क्षमता देखिन्छ । यसअघि यस्तो क्षमता थिएन । बैंकले ब्याज नउठेको कारण यसअघि नियामकीय प्रावधानमा राखेको एक अर्ब ५२ करोड रूपैयाँ फिर्ता ल्याएपछि लाभांश क्षमता देखिएको हो ।

बैंकको खराब कर्जा ४.९४ प्रतिशतबाट बढेर ४.९६ प्रतिशत पुगेको छ । बैंकको प्रतिशेयर आम्दानी २३ रुपैयाँ १२ पैसा छ । यस अघि यस्तो आम्दानी दुई रूपैयाँ १७ पैसा थियो । बैंकको प्रतिशेयर नेटवर्थ १६२ रुपैयाँ छ ।

# दराजद्वारा डिल्स हेरेको हेर्‍यै अभियानको घोषणा




काठमाडौं- नेपालकै अग्रणी अनलाइन किनमेल प्लेटफर्म दराज नेपालले बहुप्रतिक्षित सेल, डिल्स हेरेको हेर्‍यैको घोषणा गरेको छ । श्रावण २३ गतेदेखि २९ गते -अगस्ट ८ देखि १४, २०२५ सम्म सञ्चालन हुने यस विशेष किनमेल महोत्सवमा ग्राहकहरूले ६० प्रतिशतसम्म छुट, नि:शुल्क होम डेलिभरी र १ करोड १० लाख रुपैयाँ बराबरको भौचर लगायत अफरहरुका माध्यमबाट अत्यधिक लाभ उठाउन सक्नुहुनेछ ।

डिल्स हेरेको हेर्‍योअभियानको एक प्रमुख आकर्षणका रुपमा रहने फ्ल्याश सेलमा सेटाफिल, अस्टावल्फ, नाइक, ब्लेस अनलाइन लगायतका प्रतिष्ठित ब्रान्डका उत्पादनहरू अत्यन्तै न्यून मूल्यमा उपलब्ध हुनेछन् । यसरी उपलब्ध गरिएका अफरहरू दैनिकरुपमा नविकरण हुने भएकाले ग्राहकहरूलाई दराज एपको फ्ल्याश सेल सेक्शनमा नियमित अवलोकन गर्न दराजले अनुरोध गरेको छ । डिल्स हेरेको हेर्‍यै, भन्ने नाराका साथ यस पटकको सेलले नेपाली उपभोक्तालाई नयाँ उमंग र अप्रत्याशित अफरको स्वाद दिलाउनेमा कम्पनी विश्वस्त रहेको छ ।

दराजले आदर्णिय ग्राहकहरूको भरोसा जित्ने उद्देश्यका साथ बेस्ट प्राइस ग्यारेन्टि (बीजीपी) कार्यक्रम पनि यस अभियानमा समावेश गरेको छ । यस योजना अन्तर्गत, यदि ग्राहकले कुनै उत्पादन नेपालभित्रका अन्य अनलाइन प्लेटफर्महरूमा यसमा प्रस्तुत गरिको मूल्यका तुलनामा अझ सस्तो मूल्यमा पाउँछन् र लागु गरिएका सर्तहरू पूरा भएमा उत्पादनको मूल्य अन्तरको दोब्बर रकम फिर्ता गर्नेछ । यो पारदर्शिता र प्रतिबद्धता दराजको ग्राहक-केन्द्रित सेवाका लागि एक प्रखर उदाहरण हो ।

८.८ सेलको अर्को प्रमुख सुविधाका रुपमा छानिएका उत्पादनहरूमा नि:शुल्क होम डेलिभरी सुविधा पनि रहेको छ । ग्राहकहरूले न्यूनतम ४९९ रुपैयाँको खरिद गरेपछि छानिएका विक्रेताबाट घरमै नि:शुल्क डेलिभरीको सुविधा पाउन सक्नु हुनेछ । यसका लागि भौचर प्राप्त गर्न दराज एपको होमपेजमा रहेको फ्रि डेलिभरी ब्यानरमा क्लिक गरी सम्बन्धित पेजमा गएर संकलन गर्न सकिनेछ ।

स्वास्थ्य तथा सौन्दर्य, फेसन, अडियो उपकरण, वेयरेबल्स, फर्निचर, घर सजावट लगायतका उत्पादनहरूमा उपलब्ध अफरहरूले यो सेललाई विविधता र मूल्य-दुबैका हिसाबले अतुलनीय बनाएको छ । ग्राहकहरूले यस अवसरमा आफ्नो रोजाइका सामानहरूमा मात्र नभई अत्यावश्यक सामग्रीहरूमा पनि उल्लेखनीय बचत गर्ने अवसर प्राप्त गर्न सक्नुहुनेछ ।

दराजको ८.८ डिल्स हेरेको हेर्‍यै, अभियान केवल अफर र छुटमा सिमित छैन । यो उत्कृष्ट सेवा, सहज भुक्तानी, छरितो डेलिभरी र भरपर्दो रिटर्न प्रणालीका माध्यमबाट सम्पूर्ण किनमेल अनुभवलाई अझ समृद्ध बनाउने प्रयत्न हो । नेपाली ग्राहकलाई अन्तर्राष्ट्रिय स्तरको ई-कमर्स अनुभव प्रदान गर्ने दराजको प्रतिबद्धताले यो सेललाई विशेष बनाएको कम्पनीको भनाइ छ ।

# शिवम् सिमेन्ट'बिजनेस ब्लुप्रिन्ट नेपाल' को मुख्य प्रायोजक

काठमाडौं- नेपालमा पहिलो पटक, अन्तर्राष्ट्रिय ख्यातिप्राप्त मोटिभेसनल लेखक, व्यवसायिक प्रशिक्षक तथा गिनिज वर्ल्डरेकर्ड होल्डर डा. उज्ज्वल पाटनीको विशेष उपस्थितिमा "Business Blueprint Nepal" आयोजना हुँदैछ ।

उक्त कार्यक्रमको मुख्य प्रायोजकको रूपमा नेपालको अग्रणी सिमेन्ट ब्रान्ड शिवम् सिमेन्ट आवद्ध भएको छ । यो सेमिनार २०७५ साल भदौ १२ गते ९२८ अगस्ट २०२५०, बिहीबार, होटल मेरियट, नक्साल, काठमाडौंमा बिहान १० :३० बजे देखि अपरान्ह ५:०० बजे सम्म हुनेछ ।

शिवम् सिमेन्ट, आफ्नो नवीन, अद्वितीय र इनोभेटिभ कार्यक्रमहरूका माध्यमबाट ग्राहकबीच छुट्टै पहिचान बनाउन सफल भएको ब्रान्ड हो । विज्ञापन मात्र नभई, शिवम् सन्देश, नो कम्प्रमाइज जस्ता सन्देशमूलक अभियानमार्फत समाजमा सकारात्मक प्रभाव पु-याउँदै शिवम् सिमेन्टले आफ्नो ग्राहकहरु माझ छुट्टै पहिचान बनाउन सफल भएको छ ।

साथै, शिवम् सिमेन्टले विभिन्न महत्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागिता जनाउँदै आफ्नो ब्रान्ड भ्यालुलाई थप सुदृढ बनाउँदै आएको छ । यसैक्रममा, मेगा बिजनेस सेमिनारमा सहकार्य गर्दै डा. उज्ज्वल पाटनी जस्तो विश्वस्तरका मोटिभेसनल स्पिकरसँगको सहकार्यमार्फत सहभागीहरूलाई व्यवसायिक उत्प्रेरणा र ज्ञान प्रदान गर्ने उद्देश्य रहेको शिवम् सिमेन्टका प्रतिनिधिले बताएका छन् ।



डा.उज्ज्वल पाटनी सँग ३ वटा गिनिज वर्ल्ड रेकर्ड, १५ भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार, (Top १० Thinker २०१४ र Best Corporate Trainer of India) जस्ता प्रतिष्ठित सम्मानहरू छन् । उहाँको डिजिटल शो "The Ujjwal Patni Show" हरेक हप्ता ८० लाखभन्दा बढी दर्शकहरूले ७५ भन्दा बढी देशहरूमा हेर्दै आएका छन् ।

उहाँका कार्यक्रमहरू Business Gurukul, VIP र Business Audit मार्फत १०,००० भन्दा बढी व्यवसायीहरूले रूपान्तरण पाएका छन् । साथै, उहाँका ७ पुस्तकहरू १२ भारतीय भाषामा अनुवादित भइसकेका छन् र विश्वभर २८ देशहरूमा १० लाख भन्दा बढी प्रति बिक्री भइसकेका छन् ।

# कर्णाली विकास बैंकका पूर्वअध्यक्षसहित तीनजना कारागार चलान

काठमाडौं- कर्णाली विकास बैंकको घोटाला मुद्दामा तीन जनालाई पूर्पक्षका लागि थुनामा पठाउने आदेश भएको छ ।

उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासका न्यायाधीशद्वय चन्द्रबहादुर सारु र पुनम सिंहको इजलासले कर्णाली विकास बैंकका पूर्वअध्यक्ष पशुपति दयाल मिश्र, राजेन्द्रवीर राय, वेदप्रकाश सिंह ठकुरीलाई पूर्पक्षका लागि थुनामा पठाउने आदेश भएको छ ।

साथै राष्ट्र बैंकका पूर्व कर्मचारी भुवन बस्नेतसँग २ लाख रुपैयाँ धरौटी लिएर छाड्ने आदेश भएको छ ।

अध्यक्ष, सीईओसहितले सहमतिमै यसरी झ्वाम पारे कर्णाली विकास बैंकको सवा तीन अर्ब

बैंकको तीन अर्ब २० करोड रूपैयाँ हिनामिना प्रकरणमा १०९ जनालाई प्रतिवादी बनाएको थियो । तीमध्ये चार जना मात्रै पक्राउ परेका थिए ।

दुई जना आरोपितको मृत्यु भइसकेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले जनाएको छ ।

सिआइबीले साउन १४ गते अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयलाई बुझाएको थियो ।

सिआइबीले बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर



रायसहित १०९ जनाबाट तीन अर्ब २० करोड ११ लाख ५४ हजार एक सय ५७ रूपैयाँ बिगो माग दाबी गर्दै मुद्दा दायर गर्नुपर्ने सुझाव दिएको थियो । सिआइबीको सोही अनुसन्धान प्रतिवेदनको आधारमा सरकारी वकिल कार्यालयले उच्च अदालत तुलसीपुर नेपालगञ्जमा मुद्दा दायर गरेको थियो ।

२०६० फागुन २२ गते राजेन्द्रवीर राय र पशुपति दयाल मिश्र लगायत १४ जना मिलेर नेपालगन्ज १२, बाँकेमा नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत लिएर कर्णाली विकास बैंकको स्थापना गरेका थिए । बैंकको कुल पुँजी २ करोड थियो भने कार्यक्षेत्र बाँके, बर्दिया र दाङ रहेको थियो । बैंकको चुक्ता पुँजी वृद्धि गर्ने क्रममै घोटाला भएको पाइएको छ ।

# एन आई सी एशिया बैंकका ग्राहकलाई सिजी नेट र आइपीटिभी सेवामा विशेष छुट

काठमाडौं- एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई इन्टरनेट सेवामा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा सिजी कम्युनिकेसन्स लिमिटेड र बैंकबीच सम्झौता सम्पन्न भएको छ ।

यस समझदारीसँगै यस बैंकका ग्राहक महानुभावहरुले पहिलो पटक सिजी इन्टरनेट र आइपीटिभीको सेवा लिँदा व्यक्तिगत सेवामा रु.२५०० र संस्थागतरुपमा प्रयोग गर्दा २० प्रतिशत छुट प्राप्त गर्न सक्नुहुन्छ । उक्त सम्झौता पत्रमा यस बैंकका तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत जयन्द्र रावल र सिजी कम्युनिकेसन्स लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुजन थापाले हस्ताक्षर गर्नु भएको छ ।

ग्राहक महानुभावहरुले सिजी नेटको १५० एमबीपीएस, २५० एमबीपीएस र ३५० एमबीपीएस इन्टरनेट सेवा उपभोग गर्दा वार्षिक शुल्कमा रु.२५०० छुट प्राप्त गर्न सक्नुहुनेछ । त्यस्तै, इन्टरनेटसँगै आईपीटिभीको सेवा लिने नयाँ ग्राहक महानुभावहरुले पनि उक्त रकमको छुट प्राप्त गर्न सक्नुहुनेछ ।

साथै, हाल सेवा लिइरहनु भएका ग्राहक



महानुभावहरुले उक्त सेवा नवीकरण गर्दा वार्षिक सेवामा थप एक महिनाको अतिरिक्त सुविधा प्राप्त गर्न सक्नुहुनेछ । उक्त छुट सुविधा प्राप्त गर्नका लागि ग्राहक महानुभावहरुले सेवा लिनु पूर्व सिजी कम्युनिकेसन्स लिमिटेडको आधिकारिक टेलिफोन नम्बर, वेबसाइट वा शाखा कार्यालयमा सम्पर्क गरी जानकारी गराउनुपर्ने छ ।

सिजी कम्युनिकेसन्ससँगको यस सहकार्यले यस बैंकका ग्राहक महानुभावहरुलाई इन्टरनेट प्रयोगमा विशेष छुट उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडको वार्षिक समिक्षा तथा रणनीतिक योजना गोष्ठी सम्पन्न



काठमाडौं- प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडले २ दिने वार्षिक समिक्षा तथा चालु आर्थिक वर्षको रणनीतिक योजना तर्जुमा गोष्ठी सम्पन्न गरेको छ ।

गोष्ठी यही श्रावण १६ र १७ गते काठमाडौँस्थित होटल रोयल भिल्ला शिवपुरीमा आयोजना गरिएको हो । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत, महाप्रवन्धक, विभिन्न विभागका प्रमुखहरू, तथा देशभरका शाखा प्रवन्धकहरूको सक्रिय सहभागिता रहेको थियो ।

गोष्ठीमा कम्पनीले आर्थिक वर्ष २०८१र८२ को प्रगति विवरण प्रस्तुत गर्दै, हासिल गरिएका उपलब्धिहरूको समिक्षा गरिएको थियो । साथै, चालु आर्थिक वर्ष २०८२र८३ का लागि तय गरिएका रणनीतिहरू र लक्ष्यहरू सम्बन्धमा विस्तृत छलफल गरिएको थियो ।

प्रमुख कार्यकारी अधिकृत नरेश कुमार रोकाले कम्पनीको आ व २०८१र८२ को वार्षिक लक्ष्य पुरा गर्न महत्वपूर्ण योगदान दिनुहुने कर्मचारीहरुलाई धन्यवाद दिदै कम्पनीले बीमाशुल्कको लक्ष्य मात्र पुरा गरेको नभई कम्पनीको समग्र अवस्थामा राम्रो प्रगती गरेको र कम्पनीको लक्ष्य बमोजिम ग्राहक सन्तुष्टि अभिवृद्धि गर्ने कार्यमा समेत जोड दिनु भयो ।

साथै, नियमनकारी निकायको निर्देशनहरुको पूर्ण पालना गर्दै कर्मचारीहरूको भूमिकालाई अझ प्रभावकारी बनाउने उपायहरूमा समेत सुझावहरू संकलन गरिएको थियो ।

गोष्ठीमा शाखास्तरीय चुनौतीहरू, बीमा सचेतना अभिवृद्धि कार्यक्रम, नविनतम बीमालेखहरु, डिजिटल पहुँच विस्तार र जोखिम व्यवस्थापन लगायतका महत्वपूर्ण विषयहरूमा समेत गहन छलफल भएको थियो ।

कार्यक्रमको समापन सत्रमा सहभागीहरूले आ-आफ्नो अनुभूतिका आधारमा, सुझाव र आगामी कार्ययोजनालाई प्रभावकारी बनाउने रणनीति प्रस्तुत गरेका थिए ।

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त निर्जीवन लघु बीमा कम्पनी हो, जसले मुख्यत न्यून आयस्तर भएका समुदाय, विपन्न वर्ग तथा ग्रामीण क्षेत्रका नागरिकहरूलाई बीमा सेवा प्रदान गर्दै आएको छ । कम्पनीले सस्तो बीमा शुल्क, सरल प्रक्रिया र ग्रामीण पहुँचमा आधारित सेवा वितरण प्रणालीमार्फत बीमा पहुँच अभिवृद्धि गर्दै आएको छ ।

२०७९ सालमा स्थापना भएको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले स्थापनाको छोटो अवधीमा पनि पूर्वमा पाँचथर देखि पश्चिम दार्चुला सम्म गरी ३३ वटा कार्यालयहरु स्थापना गर्दै ग्राहकहरूमाझ लघुबीमा मार्फत वित्तीय सुरक्षाको भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।



## खेलकुद

# लिग निरन्तर गर्न फुटबल खेलाडी संघको माग



काठमाडौं- नेपाल फुटबल खेलाडी संघले मंगलबार नेपाली फुटबललाई चलायमान राख्न डिभिजन फुटबल निरन्तरता दिन माग राख्दै अखिल नेपाल फुटबल संघ (एन्फा) का महासचिव किरण राईसमक्ष ज्ञापनपत्र बुझाएको छ ।

संघका अध्यक्ष विक्रम लामाको नेतृत्वमा विराज महर्जन, विकेश कुथुको टोलीले एन्फासामु ज्ञापनपत्र बुझाउँदै चाँडोभन्दा चाँडो सबै श्रेणीका सहभागी क्लबसँग समन्वय गरेर फुटबल लिग क्यालेन्डरअनुसार काम अघि बढाउन माग राखेको हो ।

खेल र खेलाडीको भविष्य सुरक्षित गर्न द्रुत कदम चाल्न एन्फालाई खेलाडी संघले अनुरोध गरेको छ । पछिल्लो ए डिभिजन लिग भएको दुई वर्षभन्दा बढी समय बितिसक्दा पनि अर्को सिजन सुरुआतबारे अझै पनि अन्योलता रहेको र नेपाली फुटबललाई चलायमान राख्न डिभिजन फुटबललाई निरन्तरता दिनुपर्ने मागसहित ज्ञापनपत्र बुझाएको अध्यक्ष लामाले बताएका छन् ।

'निरन्तर अन्योलले खेलाडीहरू र हाम्रो देशभित्रको फुटबल समुदाय दुवैमा गम्भीर र प्रत्यक्ष असर पारेको छ । लिग फुटबलको अभावले खेलकुदमा आफ्नो जीवन समर्पित गरेका हाम्रा फुटबल खेलाडीहरूलाई अनिश्चित अवस्थामा पुऱ्याएको छ । हामीजस्तै प्रशिक्षक, रेफ्री र फुटबलकै भर गर्ने अन्य हजारौंको अवस्था पनि यस्तै होला । फुटबलको अभावकै कारण धेरै प्रतिभा जीविकोपार्जनको खोजीमा देश छोड्न बाध्य भएका छन् । यो पलायन केवल व्यक्तिगत प्रतिभाको क्षतिमात्र होइन, यसले राष्ट्रिय फुटबललाई दीर्घकालिन हाही पुऱ्याउँछ । अन्तर्राष्ट्रिय मञ्चमा पनि हाम्रो स्तरमा प्रत्यक्ष प्रभाव पार्दछ,' संघको विज्ञप्तिमा भनिएको छ, 'पछिल्लो पटक राष्ट्रिय टोली छनोट गर्न खेलाडी ट्रायलमा बोलाउनुपर्ने स्थितिले यसलाई अझ उजागर गरेको छ । राष्ट्रिय टोलीको छनोट प्रतिस्पर्धात्मक खेलबाट हुनुपर्ने हो । लिग गर्नुबाहेकको विकल्प हामीसँग छैन ।'

# गोल्छा ग्रुप प्रस्तुत ग्लोकल टीन हिरो २०२५ का ग्लोकल २० अन्डर २० सार्वजनिक

काठमाडौं- नेपाल प्रतिष्ठित ग्लोकल टीन हिरो २०२५ का आयोजक ग्लोकल प्रा ।लि ले यस वर्षका ग्लोकल २० अन्डर २० भनी पहिचान गरिएको आधिकारिक सूची सामाजिक सन्जाल मार्फत सार्वजनिक गरेको छ ।

यस वर्षको छनोट नेपालभरका युवाहरूको असाधारण प्रतिभा, दूरदृष्टि र नेतृत्व क्षमता प्रदर्शन गर्ने उत्कृष्ट आवेदकहरूमध्येबाट गरिएको हो ।

किशोरकिशोरीहरुमा भएको प्रेरणा र उत्साहलाई प्रस्फुटन गरी उनीहरुले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर र अरु माझ चिनाउने कार्यक्रम गोलछा ग्रुप प्रस्तुत ग्लोकल टिन हिरो नेपालको यो ११औं संस्करण हो । यस वर्ष सेप्टेम्बर १ तारिकका दिन अवार्ड कार्यक्रम र सम्मेलन मार्फत उनिहरु पुरस्कृत हुने भएका छन् ।




सोही दिन गोलछा ग्रुप प्रस्तुत ग्लोकल टिन हिरो नेपाल बिजेताको नाम पनि घोषणा गरिनेछ । ग्लोकल टीन हिरो २०२५ को ११औं संस्करणका लागि आवेदनहरू १३ देखि १९ वर्षका किशोरकिशोरीहरूका लागि खुला गरिएको थियो, जसले आफ्नो शैक्षिक कार्यभन्दा बाहिर गएर उल्लेखनीय काम र सकारात्मक प्रभाव पारेका थिए ।

जुलाई ३०, २०२५ मा आवेदन दिने अन्तिम म्यादपछि प्राप्त भएका ७८६ आवेदनहरूको विस्तृत समीक्षा का सम्मानित निर्णायकहरूको एक समितिले गऱ्यो । यस समीक्षाले प्रत्येक आवेदकको पहल, समाजमा उनीहरूको प्रभाव र उनीहरूको उत्कृष्ट उपलब्धिहरूको गहन मूल्यांकन गऱ्यो ।

ग्लोकल २० अन्डर २० सूची विभिन्न क्षेत्रहरूका २० प्रारम्भिक परिवर्तनका वाहकहरूको लागि एक सामूहिक उपाधि हो, जसले समाजमा सकारात्मक छाप छोडेका छन् । यस वर्षका सम्मानित व्यक्तिहरूलाई उनीहरूको विभिन्न क्षेत्रहरूमा गरेका कामहरूको लागि मान्यता दिइएको छ, जसमा प्रविधि, सामाजिक सक्रियता, उद्यमशीलता, वातावरणवाद, कला, र स्वास्थ्य सक्रियता समावेश छन् ।

# काठमाडौंको थलीमा लेमिनार टायल्सको नयाँ डिलर शोरूम उद्घाटन

काठमाडौं- नेपालको पहिलो र एकमात्र भिट्रिफाइड टायल्स लेमिनार टायल्सले काठमाडौंमा आफ्नो विशेष डिलर शोरूम सञ्चालनमा ल्याएको छ ।

काठमाडौंको थलीस्थित सुपर सप्लायर्स प्रा ।लि ।लाई आधिकारिक डिलरको रूपमा नियुक्त गरी लेमिनार टायल्सले यो शोरूम उद्घाटन गरेको हो ।

शुक्रबार आयोजित औपचारिक समारोहमा प्रमुख अतिथि सम्माननिय खानेपानी, उर्जा तथा सिचाँइ मन्त्री कृष्ण कुमार तामाङ र लेमिनार टायल्सका निर्देशकद्वय श्याम खेतान र आशुतोश खेतानले संयुक्त रूपमा "एम्पोरियो" श्रेणीअन्तर्गतकोडिलर शोरूमको उद्घाटन गरे ।




उद्घाटन समारोहमा बोल्दै निर्देशक श्याम खेतानले लेमिनार टायल्सले देशभर १०० भन्दा बढी विशेष शोरूमहरू स्थापना गर्ने लक्ष्यका साथ अघि बढिरहेको बताए ।

अर्का निर्देशक आशुतोश खेतानले लेमिनार भिट्रिफाइड टायल्स बलियो र टिकाउ रहेको, यसको लोड बियरिङ क्षमता र ब्रेकिङ स्ट्रेन्थ अरु टायल्स भन्दा बढि रहेको बताए ।

बर्दियाको गुलरियामा १२.५ बिगाह क्षेत्रफलमा अवस्थित अत्याधुनिक यूरोपेली प्रविधियुक्त उत्पादन केन्द्रबाट लेमिनार टायल्सको उत्पादन भइरहेको छ ।

कम्पनीले ५०० भन्दा बढी आकर्षक डिजाइनमा पाँच फरक आकारका टायल्स बजारमा उपलब्ध गराएको छ । यी टायल्सहरु पूर्ण भिट्रिफाइड भएकाले ९९.९२ प्रतिशतसम्म वाटरप्रुफ छन् र उच्च गुणस्तरको कच्चा पदार्थ तथा उन्नत उत्पादन प्रक्रियाका कारण अन्य सेरामिक टायल्सको तुलनामा चार गुणा बढी टिकाउ छन् ।

# वरिष्ठ मुटुरोग विशेषज्ञ डा. रामेश कोइरालाले दिए राजीनामा



काठमाडौं- शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्डियोभास्कुलर विभाग प्रमुखसहित वरिष्ठ कन्सल्टेन्ट कार्डियाक सर्जन डा. रामेश कोइरालाले राजीनामा दिएका छन् ।

व्यक्तिगत कारणले काम गर्न असमर्थ भएको भन्दै उनले आगामी ३० असोजदेखि लागू हुने गरी राजीनामा दिएका हुन् । विदेशमा रहेका कारण इलेक्ट्रोनिक मेलमार्फत हस्ताक्षर प्रमाणीकरण गर्न नसक्ने उनले बताए ।

१६ अक्टोबर २०२५ सम्म केन्द्रमा उपस्थित हुन नसक्ने बताउँदै उनले आफ्नो व्यक्तिगत सामानबाहेक केन्द्रका कुनै जरुरी वा गोप्य कागजात नरहेको जनाएका छन् । राजीनामा दिए पनि उनले केन्द्रको प्रगति, पूर्व स्वास्थ्यमन्त्री गगन थापा, हालका स्वास्थ्यमन्त्री प्रदीप पौडेल लगायतको सपना र स्वास्थ्य सेवाप्रति संघीय सरकारको प्रतिबद्धता निरन्तर रहोस् भन्ने शुभेच्छा व्यक्त गरेका छन् ।

डा. रामेशले गंगालाल अस्पतालमा २५ वर्ष बिताएका छन् ।

उनले राजीनामा पत्रमा भनेका छन्, 'शहीद गंगालाल राष्ट्रिय हृदय तथा स्नायु केन्द्रका रुपमा देशलाई गौरवान्वित हुने मौका दिनेछ भन्नेमा विश्वत छु र यस्ता हरेक कार्यमा म सल्लाह सुझावका लागि हरदम उपलब्ध हुने नै छु ।'

तर, अस्पताल प्रशासनले भने डा. कोइरालाले राजीनामा भने नदिएको जनाएको छ । 'उहाँको छोरी अमेरिकामा बस्नुहुन्छ', अस्पताल प्रमुख डा. रवि मल्लले अनलाइनखबरसँग भने, 'छोरीसँग भेट गर्ने भन्दै घरायसी बिदा ४१ दिनको मागेर जानुभएको हो ।'

डा. कोइरालाले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिका लागि आवेदन दिएका थिए । तर, सरकारले उनलाई प्रतिष्ठानको जिम्मेवारी नदिएका कारण असन्तुष्ट भएर राजीनामा दिएको बुझिएको छ ।

# वार्षिक १०० कामदार पठाउन नसक्ने म्यानपावरको नवीकरण सुरु




काठमाडौं- वार्षिक १०० कामदार वैदेशिक रोजगारीमा पठाउन नसक्ने म्यानपावरको नवीकरण सुरु भएको छ । वैदेशिक रोजगार विभागले उनीहरूको नवीकरण सुरु गरेको हो । विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले आजदेखि नवीकरण सुरु गरिएको बताए ।

दुई वर्षसम्म वार्षिक १०० कामदार पठाउन नसक्ने म्यानपावर व्यवसायीहरूको इजाजतपत्र रद्ध गरिने कानुनी व्यवस्था थियो । तर, हालै केही नेपाल ऐन संशोधन मार्फत उक्त प्रावधान खारेज गरिएको छ ।

खारेज गरिएसँगै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बोर्डलाई नवीकरण गर्न पत्राचार गरेके थियो । सोही अनुसार विभागले नवीकरण सुरु गरेको महानिर्देशक भट्टराईले बताए ।

उनका अनुसार नवीकरण अनलाइन मार्फत समेत गरिने छ । त्यसका लागि म्यानपावर व्यवसायीहरूले आवश्यक कागजात अनलाइन मार्फत पेस गर्नपर्ने हुन्छ । सोही आधारमा विभागले नवीकरण गरिदिने उनको भनाइ छ ।

२०७५ सालमा वैदेशिक रोजगार ऐन संशोधन गर्दै दुई वर्षसम्म लगातार वार्षिक १०० जना कामदार नपठाउने व्यवसायीको इजाजतपत्र रद्ध गर्ने व्यवस्था राखिएको थियो । तर, हरेक वर्ष बाधा अड्काउ फुकाउ मार्फत सरकारले नवीकरण गर्दै आएको थियो ।

ऐनमा संशोधन भएपछि नियमावलीमा संशोधन हुन नसक्दा थप अन्योलता कायम थियो । मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालयसँग राय माग गरेको थियो । महान्यायाधिवक्ता कार्यालयले पुरानो कानुनी व्यवस्थाको अयोग्यता निष्क्रिय भएकाले त्यसरी वैदेशिक रोजगारीमा पठाउन नसकेका इजाजतपत्रवालाहरूको नवीकरण गर्नका लागि कुनै कानुनी बाधा नरहेको राय दिएको थियो ।

सोही आधारमा २६ साउनमा मन्त्रीस्तरीय निर्णय गर्दै श्रम मन्त्रालयले नवीकरण गराउन विभागलाई पत्राचार गरेको थियो ।

# भोया अटोमोबाइलमा डोङफेङ मोटर ग्रुपले बढायो लगानी




काठमाडौं- चीनको अग्रणी अटोमोबाइल निर्माता कम्पनी डोङफेङ मोटर ग्रुपले आफ्नो इलेक्ट्रिक भेहिकल ब्रान्ड भोया अटोमोबाइलमा ठूला लगानी गर्ने घोषणा गरेको छ ।

डोङफेङ र भोयाबीच सम्पन्न पुँजी वृद्धि सम्झौता अनुसार हुने यस लगानीमा डोङफेङको सहायक कम्पनी डोङफेङ एसेट म्यानेजमेन्ट (डीएफएएम) ले भोयामा करिब १३७ मिलियन अमेरिकी डलर लगानी गर्नेछ । यसले भोयालाई ईभी स्पेसमा आफ्नो गाडी, प्रविधि र प्रदर्शनलाई अझै सुधार गर्न मद्दत गर्नेछ ।

पुँजी वृद्धि सम्झौतापछि भोया अटोमोबाइलको स्वामित्व संरचनामा केही फेरबदल हुनेछ । लगानीपछि डोङफेङ मोटर ग्रुपले भोयाको ७९.६९ प्रतिशत स्वामित्व पाउनेछ ।

डीएफएएमको ३.३० प्रतिशत हिस्सा हुनेछ र बाँकी १७.०१ प्रतिशत अरू सेयरधनीले राख्नेछन् । यसरी डोङफेङले भोयामा नियन्त्रण कायम राख्दै विश्वसनीय साझेदारहरूसँग मिलेर विकास कार्यलाई अघि बढाउनेछ ।

भोया डोङफेङ मोटर ग्रुपको प्रिमियम इलेक्ट्रिक गाडी ब्रान्ड हो । स्मार्ट र वातावरणमैत्री गाडीहरूका साथ बजारमा प्रवेश गरेको यसले आजका ग्राहकका लागि आधुनिक गाडी उपलब्ध गराउने लक्ष्य राखेको छ ।

यो नयाँ लगानीले भोयालाई बजारमा अझ बलियो बनाउन सहयोग गर्नेछ । नयाँ पूँजीलाई अनुसन्धान र विकास, उत्पादन वृद्धि, गाडीको गुणस्तर सुधारका साथै अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्नका लागि प्रयोग गर्न सकिनेछ ।

डोङफेङका लागि यो लगानी केवल आम्दानी वा सेयरको कुरा मात्र होइन, भविष्यमा ग्रीन र स्मार्ट यातायात प्रणालीमा प्रभावशाली सेयरधनीका रूपमा नेतृत्व गर्ने लक्ष्यतर्फको कदम पनि हो ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४,
२०८२ साल साउन २९ गते बिहिबार
14 AUGUST 2025, THURSDAY

# संस्कृति मन्त्री बद्री पाण्डे र स्वामी रमणानन्दद्वारा लङ्केश्वर निशानीको संयुक्त अनावरण




काठमाडौं- विश्वकै एकमात्र कालाग्नि रुद्रपीठ लङ्केश्वर धामले निरन्तर धार्मिक तथा सांस्कृतिक गौरवको नयाँ आयाम थप्दै आएको छ। हालै सम्पन्न भएको विश्वकै अग्लो शिव त्रिशूल निर्माण र ७७ वटै जिल्लामा सम्पन्न भव्य रथयात्रापछि आज पुनः अर्को

ऐतिहासिक क्षण धामको काखमा आएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डे र सन्त समाजका तर्फबाट श्री १००८ स्वामी रमणानन्द महाराजको संयुक्त करकमलबाट लङ्केश्वर धामको विशेष 'निशानी' अनावरण गरिएको हो

कार्यक्रममा विद्वान प्रा. डा. भवानी खतिवडा, भारतको नागेश्वर ज्योतिर्लिंगका अर्चक दर्शन नागनाथ, राष्ट्रिय पञ्चाङ्ग समितिका सदस्य ज्यो। लक्ष्मण पन्थी, राजनीतिज्ञ मधु आचार्य, पनौती नगरपालिका मेयर रामसरण भण्डारी, वेथानचोक गाउँपालिका

अध्यक्ष भगवान अधिकारी, वडा अध्यक्ष विपिन लामा, पीठाचार्य अरुण कुमार पाण्डे, ज्योतिष परिषद्का वरिष्ठ उपाध्यक्ष लेखनाथ न्यौपाने, कोटिहोमका गुरुहरूलगायत दानदाता र भक्तजनहरूको उपस्थितिले माहोल भव्य बनेको थियो ।

पीठाधीश मुकुन्द शर्मा हुमागाईको संकल्पअनुसार 'राष्ट्र र राष्ट्रियता प्रति श्रद्धा एवं संकल्प यात्रा' नामक अभियान अन्तर्गत यो ६.५ केजी शुद्ध चाँदीको निशानीलाई ७७ वटै जिल्लामा शास्त्रीय विधिअनुसार लैजाने र दर्शन गर्न नपाएका भक्तजनलाई पनि

दर्शनको अवसर दिने तयारी भएको छ। यात्राको सुरक्षा र व्यवस्थापनका लागि गृह मन्त्रालयमार्फत सबै जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार भइसकेको र यात्राका लागि विशेष रथ तयार पारिएको जानकारी पीठाधीशले दिनुभयो ।

## मुक्तक



### निर्मला बस्नेत

धनी सङ्ग गरिब को औकात नमिल्दो रैछ
नुन बिनाको तरकारी मा स्वाद नमिल्दो रैछ
झुपडि छ मेरो घर महल रोजन पुगेछु
ठूलो सङ्ग सानो को गफ नमिल्दो रैछ नुन बिनाको
तरकारी मा स्वाद नमिल्दो रैछ
धनी सङ्ग गरिब को औकात नमिल्दो रैछ

# चिया उद्योगका लागि लिएको जमिन घर-जग्गा व्यवसायमा रुपान्तरण गर्न नपाउने प्रस्ताव



काठमाडौं । चिया उद्योग र कृषि फार्मलगायत प्रयोजनको लागि लिएको हदबन्दी छुटको जमिन घर-जग्गा व्यवसायमा रुपान्तरण गर्न नपाउने गरी भूमि विधेयकको प्रतिवेदन तयार भएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालयले तयार पारेको भूमि विधेयकको प्रतिवेदनमा यस्तो व्यवस्था प्रस्ताव गरिएको छ ।

यो प्रतिवेदन प्रतिनिधि सभा अन्तरगतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सदस्यहरुलाई वितरण गरिएको छ ।

सांसदहरूलाई वितरण गरिएको विकेयकको पृष्ठ २ मा यस्तो प्रस्ताव छ । विधेयकको दफा २ को बुँदा ४ मा राख्ने गरी प्रतिवेदनमा भनिएको छ- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२क. को उपदफा (२) बमोजिम हदबन्दी छुट स्वीकृति लिएको जग्गा सम्बन्धित निकायबाट घर-जग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाउँमा रहेको नेपाल सरकारको सूचित आदेशद्वारा तोकिदिएको हदसम्मको जग्गा सम्बन्धित स्थानीय भू-उपयोग परिषद्बाट आवासीय वा व्यावसायिक क्षेत्रमा वर्गीकरण भएको रहेछ भने त्यस्तो जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्नु पर्नेछ ।

यसमा थप प्रतिबन्धित वाक्य थपेर चिया उद्योग र कृषि फार्म लगायत प्रयोजनको लागि लिएको हदबन्दी छुटको जमिन घर-जग्गा व्यवसायमा रुपान्तरण गरेर बेच्न नपाउने प्रावधान राख्ने प्रस्ताव गरिएको छ ।

जहाँ भनिएको छ, 'तर प्रचलित कानून बमोजिम हदबन्दीको छुट लिंदा कुनै कृषि फार्म, चिया उद्योग जस्ता व्यवसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनको लागि भनि छुट लिएको वा स्वीकृती लिएको जग्गा सोही प्रयोजनको लागि तोकिएको शर्त बमोजिम उपयोग नगरी खाली (बाँझो) राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घर-जग्गा व्यवसायको कम्पनी खडा गरी सो कम्पनीको नामबाट उक्त जग्गामा घर-जग्गा व्यबसाय गरेको वा त्यस्तो व्यवसाय गर्न स्वीकृति लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि, उद्योग लगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृति लिएको सो जग्गामा घर-जग्गा व्यवसाय गर्न, घडेरीमा यस्तो घडेरीमा घर आवास इकाइ (एपार्टमेन्ट निर्माण गरी यस दफा बमोजिम वेवविखन गर्न पाइने छैन ।'

यसको सट्टा अर्को शब्द राख्न सकिने प्रस्ताव पनि गरिएको छ ।

**मालिक बनाउने नीति**...

संसारमा कृषिको बिकल्प छैन

विश्वभरी कृषिको बिकल्प छैन। नेपाल कृषिप्रधान देश भनेर धेरै दशक पहिलादेखि पढाउदै आएका पाठ्यक्रमहरुले पनि कृषिमा नेपाल सम्भावना भएको देश हो । यहि कृषिमा सम्भावना भएको देशमा आफ्ना नागरिकहरु किन कृषि नगरेर विदेश गईरहेका छन्। आफ्नो देशका नागरिकलाई मालिक बनाउनुको सट्टा निरुत्साहित बनाएर विदेशमा पठाउने र विदेशी कृषि सामग्री किनेर दास बन्ने मनोबृतिवाट नेपाली प्रशासनिक सरचना माथि उठ्न सकेको देखिदैन ।

जनतालाई मालिक बनाउन अहिले बसोबास भईरहेका क्षेत्रहरुलाई व्यवस्थित वस्तीको विकास गर्ने सरकारले जनतालाई सुरक्षित स्थानमा वस्ती बसाउन जग्गा उपलब्ध गराउने, त्यस ठाउमा घर बनाउन सहुलियत दरमा स्थानीय सरकारको पहलमा बैकले सहुलियत दरमा ऋण उपलब्ध गराउने र त्यस सहुलियत दरमा ऋण लिएर घर बनाएका प्रत्येक नागरिकले ३० रोपनी बराबरमा एउटै पलटमा भुवनोट अनुसारको खेतीपाती, तरकारी, फलफूल लगाउने व्यववस्था गरी नेपाली नागरिकलाई मालिक बनाउने काम गर्नुपर्ने देखिन्छ ।

यो नीतिगत रुपमा सरकारले छिटोभन्दा छिटो ल्याएर लागु गर्नुपर्ने देखिन्छ । यसो गर्न सकेको खण्डमा देशको विकासको आधार कृषि हुन सक्छ । नेपाली जनता मालिक बन्न सक्छन् ।

भन्ने वेलामा स्मार्ट जीवको कुरा सवै नेपालीले गर्न भ्याउछन् । तर आफ्नो देशको जीवन जिउने कला अर्थात उत्कृष्ट जीवन चलायमान गराउने गरी देशकै सरचना चेन्ज गर्न भने कसैले सुधार गरेको पाईदैन । त्यसकारण पहिला जनता मालिक बनाउने नीति अवलम्बन गर्नुपर्‍यो त्यसपछि कार्यन्वयन गर्ने पक्ष इमानदार बनाएर देशको विकास गर्ने आधारहरु तयार हुन्छ ।

**थारू भाषा** ...

यस्तो माग गरेका हुन् । 'थारू भाषालाई प्रदेशको सरकारी कामकाजको भाषामा तत्काल समावेश गर्न कोशी प्रदेश सरकारसँग जोडदार माग गर्दछु ।' उनले भने ।

**कांग्रेस संसदीय**...

छैन, १२ जना पुर्‍याएर ढाल्ने भए भनेर सुनाए,' प्रधानमन्त्री ओलीले भने ।

यस्ता कथाहरू बेला बेला आइरहने भन्दै बेला बेलामा संस्करणहरू आइरहने तर संशोधन केही नहुने प्रधानमन्त्री ओलीले बताए ।

'यो कथा कति सुन्नु, कान टट्याइसक्यो । यो कथा हो । यो कथा अर्को संस्करण भएर आइरहन्छ, बोल्ने पात्र फेरिन्छ, तर संशोधन केही हुँदैन,' प्रधानमन्त्री ओलीले भने ।

प्रधानमन्त्री ओलीले ०८४ पछि पनि नेकपा एमाले र नेपाली कांग्रेसकै नेतृत्वमा सरकार बन्ने बताए । मंगलबार आयोजित भूमि समस्या समाधान आयोगको वार्षिक समीक्षा गोष्ठीलाई सम्बोधन गर्ने क्रममा उनले कुनै पार्टीको नेतृत्वमा सरकार बन्छ की भन्ने नसोच्न पनि आग्रह गरे ।

०८४ को निर्वाचनपछिको सरकार कि एमालेले बनाउने कि कांग्रेसले बनाउने प्रधानमन्त्री ओलीको भनाइ थियो ।दुवै पार्टीको बहुमत आउन नसके कांग्रेस र एमाले मिलेरै सरकार बनाउने बताए ।

'अरु अढाई वर्ष बाँकी छ। यो सरकार ०८४ को पुससम्म जान्छ । त्यसपछि तपाईंहरू यो नठान्नुस् की कोही अर्को । तपाईंहरूलाई अहिले नै भनिदिन्छु,' ओलीले भने, 'कि एमालेले बनाउँछ, एमालेले बनाएन भने काँग्रेसले बनाउँछ । काँग्रेसले बनाएन भने एमाले-कांगेसले बनाउँछन् । यो तीन वटा बाहेक अर्को कुनै विकल्प छैन ।'

**निःशुल्क स्वास्थ्य शिबिर**...

स्वास्थ्य चौकीका सिनियर अ.हे.व. असलम सिद्दिकी सहित सञ्जालका ९ जना स्वंयमसेवकहरू खटिएका थिए । मुख्य शिविर पानीपाखामा सञ्चालन भएपनि स्वयमसेवकहरु जट्टा पोखरी तथा पाँचपोखरी सम्म पुगेर औषधी बितरण गरेको आयोजकले जनाएको छ ।

९ सय बढीले स्वास्थ्य परीक्षण साथै औषधीहरू लिएर सेवा लिएका थिए । शिबिरमा ग्लुकोज पानी, जिवनजल पानीको साथै सिकिस्त बिरामीहरूको लागि सलाईन पानीको समेत ब्यबस्था थियो । समुद्रि सतहबाट ४५१५ मिटरको उचाईमा रहेको उक्त स्थानमा धेरैलाई एक्कासी लेक लाग्ने, टाउको दुख्ने, रिंगटा लाग्ने, बमिट हुने, पखाला लाग्ने, ब्लड प्रेसरको समस्या, खुट्टा मर्किने, हिड्न गाह्रो हुने, ज्वरो आउने, श्वासप्रश्वासमा समस्या आउने जस्ता शारीरिक समस्याहरु देखिने समस्या हुन्छ ।

शिविर सञ्चालन गरी उक्त समस्याका पर्यटक तथा दर्शनार्थीलाई स्वास्थ्य सेवा उपलब्ध गराएको गोकुलगंगा युवा सञ्जालका अध्यक्ष अनुज खड्काले जानकारी दिनुभयो । लेक लागेर बेहोस भएका तीन जना बिरामीलाई समेत उपचार सेवा दिएर निको गराउन सफल भएको खड्काको भनाई छ । स्वास्थ्य शिविर साउन २२ गते देखि २५ गते सम्म ४ दिन सञ्चालन भएको थियो ।

# नेकपा एसकी केन्द्रीय सदस्य काफ्ले एमालेमा प्रवेश



दाङ – नेकपा एकीकृत समाजवादी की केन्द्रीय सदस्य उमा काफ्ले नेकपा एमाले मा प्रवेश गरेकी छिन् ।

लमहीमा सुरु भएको एमालेको लुम्बिनी प्रदेश कमिटीको पाँचौं पूर्ण बैठकमा बुधबार काफ्लेलाई एमाले केन्द्रीय सचिव तथा प्रदेश इञ्चार्ज पद्मा अर्यालले पार्टीमा प्रवेश गराएकी हुन् । रुपन्देहीकी काफ्ले सिद्धार्थनगर नगरपालिकाकी पूर्व उपप्रमुख समेत हुन् ।

बैठकमा पार्टीका केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसहितका नेताहरूको सहभागिता थियो । प्रदेश कमिटीका अध्यक्ष राधाकृष्ण कँडेलको अध्यक्षतामा जारी बैठकमा मनोनीत सदस्यको सपथ, अन्तर पार्टी निर्देशन १२ अध्ययन, सचिवालयको निर्णय अनुमोदन, प्रदेश कमिटीमा मनोनयन, वार्षिक कार्ययोजना २०८१ को समीक्षा, वार्षिक कार्ययोजना २०८२ को प्रस्ताव, वडा तथा टोल केन्द्रित अभियानको निरन्तरता र विधान महाधिवेशनको तयारीलगायत एजेन्डामा छलफल भइरहेको छ ।

बैठकमा जिल्ला कमिटी, सल्लाहकार कमिटी र विभिन्न विभागहरूको बैठकसम्बन्धी प्रस्तावहरू समेत रहेको प्रदेश अध्यक्ष कँडेलले बताए ।

भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरू:

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरू अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

'माटो बचाऔं, भविष्य जोगाऔं ।'

नेपाल सरकार
विज्ञापन बोर्ड

# अनाथको पीडाबाट उठेको नेपाली संगीतका तारा राजुको कथा

कसले सोचेको थियो र । । ।रु काठमाण्डौंको गल्ली गल्लीमा नाङ्गो खुट्टा माग्दै हिंड्ने एउटा सानो बालक, जो आमाबाबाको अनुहारसमेत चिनेको थिएन, एक दिन हजारौं मनका स्पिकर हरूमा गुञ्जिने संगीत सिर्जना गर्नेछन् कसले सोचेको थियो कि एकजना अनाथ, भोकले चिच्याउने बालकले नेपाली संगीत उद्योगमा हजारौं गीतहरूमा संगीत संयोजन गर्नेछन् भनेर त्यो बालक राजु खड्का, आजका बरिष्ठ संगीत संयोजक, जुन नाम संगीतका पर्दा पछाडिको शक्ति बनेर उज्यालो बनिरहेको छन् ।



कठिन जीवनको भोगाईले नै उत्कृष्ट लक्ष्य प्राप्त हुन्छन् । त्यस्तै राजु खड्काको जिवनमा कठिन भोगाईवाट उकृष्ट सृर्जना भएको छ । उनले संगीत भरेका गीतहरुले त्यही भनिरहेका छन् । वि.स.२०३२ साल चैत्र २५ गते काठमाडौको हाँगी गाउँमा जन्मिएका राजुलाई जन्मिदा साथ आमाबाबाले त्याग गरेपछि उनको बाल्यकाल ठमेल, दरबारमार्ग र अन्य व्यस्त गल्लीहरूमा माग्दै बित्यो ।

सडक पेटी नै उनको ओछ्यान, फोहोर पानी नै उनको पानी थियो । आमाबाबाको मायाबिना, शिक्षा बिना, घर बिना – त्यो बालकले जीवनका प्रारम्भिक दिनहरूमा भोक, तिर्खा, डर र अभाव मात्र चाखे ।

तर भाग्यले कहिलेकाहीँ खेल खेल्दछ, वि ।सं । २०४३ सालमा उनले भेटे एकजना क्यानाडेली नागरिक ूमोनिका योंगू लाई ।

मोनिकाको सहायतामा उनले पहिलोपटक स्कुल जाने मौका पाए – सूयोदय इङ्लिस बोर्डिङ स्कुल । स्कुलका प्रधानाध्यापक लक्ष्यबहादुर केसी ले उनको प्रतिभा चिने र पढाइमा सहयोग गरे ।

दुर्भाग्यवश, मोनिकाको सडक दुर्घटनामा निधन भयो । त्यसपछि विदेशी सहयोगको ढोका बन्द भयो र पढाइ त्यत्तिकै रोकियो । तर संगीतप्रतिको मोह भने झन बलियो हुँदै गयो ।

नेपालमा जन्मेका राजुले आफ्नो देशको नागरिता प्राप्त गर्न पनि २ बर्ष लगाएर बनाउनु परेको तितो यथार्थ सुनाउने गरेका छन् ।

बाल गायन देखि संगीत संयोजनसम्म

राजु खड्काले आफ्नो सांगीतिक यात्रा स्कुलबाटै सुरु गरे । 'हामी केटाकेटी कुवाहरू तपाईंको स्कुल छ तौरीमा' जस्ता बाल गीतमा स्वर दिएका उनी, कालान्तरमा गायन, लेखन र संगीत संयोजन तीनै विधामा अब्बल ठहरिए ।

तर उनले आफ्नो सम्पूर्ण ध्यान संगीत संयोजनमा केन्द्रित गरे ।

उनको पहिलो औपचारिक संगीत संयोजन ूतिमी छैनौ भने रात दिनू बोलको गीतबाट भएको हो ।

त्यसपछि उनले २७०० भन्दा बढी गीतहरूमा संगीत संयोजन, ६० भन्दा बढी गीतमा संगीत लेखन र २० भन्दा बढी गीतमा स्वर दिएका छन् ।

लोक, पप, भजन, तामाङसेलो, आधुनिक, विदेशी गीतदेखि विशेषतः 'म्हेन्दोमाया' संगीत विधामा उनले उल्लेखनीय योगदान दिएका छन् ।

म्हेन्दोमायाबाट संगीतको नयाँ पहिचान

तामाङ समुदायको परम्परागत विधा म्हेन्दोमायालाई आधुनिक सांगीतिक लयमा ढाल्न राजु खड्काको भूमिका निर्णायक रह्यो ।

वि ।सं । २०४८ सालमा रेडियो नेपालबाट 'म्हेन्दोमाया' गीत प्रसारण भएपछि यस विधाले पनि नयाँ जीवन पायो ।

आज उनले २०० भन्दा बढी म्हेन्दोमाया गीतहरूमा संगीत संयोजन गरिसकेका छन् ।

गोङ्बो तामाङको ूनक्कलीू एल्बमदेखि जिवोर ग्रान्ड प्रिक्ससम्मका तमाम लोकप्रिय गीतहरूमा उनको हात छ ।

पुरस्कार, सम्मान र व्यवसायिक सफलता

राजु खड्काले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरिसकेका छन् ।

उनको संगीत संयोजनले प्रशस्त दर्शक श्रोताको मन जितेको छ, उनले संगीतलाई व्यवसायिक रूपमा समेत सफल बनाएका छन् ।

उनको अनुमानित वार्षिक आम्दानी १ लाखदेखि ३ लाखसम्म रहेको छ । संगीत क्षेत्रमा २५ वर्ष भन्दा बढीको योगदानले उनलाई १ करोडभन्दा बढीको जीवनकाल आम्दानी दिलाएको अनुमान छ ।

समाजसेवा र मानवीयता

सडकमा बितेको जीवनको अनुभूति भएका कारण राजु खड्का आज पनि सडक बालबालिका, बृद्धाबृद्धा र विपन्न वर्गप्रति अत्यन्तै संवेदनशील छन् ।

उनी जन्मदिन तथा विशेष अवसर हरूमा आश्रमतर्फ उपहार, भोजन, आर्थिक सहयोग गर्दै आइरहेका छन् ।

उनको सामाजिक संलग्नता कुनै औपचारिक संस्था भरिएको होइन – त्यो उनको हृदयबाट निस्किएको करुणा हो ।

**प्रेरणाका पाठहरू**

राजु खड्काको जीवन कुनै उपन्यास होइन । यो सत्यकथा हो – एक अनाथ बालकले आफ्नो मेहनत र प्रतिभाबाट बनाएको जीवनको संगीत ।

उनले हाम्रो समाजलाई सिकाएका छन् ।

अवस्था होइन, सोचले भविष्य बनाउँछ ।

संकटहरू तपाईंलाई तोड्न होइन, तपाईंबाट असल संगीत निकाल्न आउँछन् ।

सपना हरेकको हुन्छ, तर सपना देख्न सक्ने आँखा संघर्षमै उज्यालो देख्छ ।

**अन्त्यमा...**

राजु खड्काले गीत-संगीतका पर्दा पछाडिका वीर सिपाहीहरू प्रतिनिधित्व गर्छन् । उनी एक प्रेरणा हुन्, एक सन्देश हुन् –

"जहाँ इच्छा हुन्छ, त्यहाँ बाटो बन्छ । र जहाँ संगीत बन्छ, त्यहाँ जीवन मुस्कान बन्छ ।"

## कविता



### उपेन्द्र बानियाँ

जीवन रहेछ यात्राको कथा ।
हर्ष र विस्मात बीचको व्यथा ।
कहिले हाँसो कहिले त आशु ।
फेरिएर जान्छ रङ्ग र मासु ।

सपना बोकेर अगाडि बढ्नु ।
वाधा केही परे पछाडि हट्नु ।
शंकष्टका आँधी हुरीमा टिक्नु ।
अडिग मनले उपाय झिक्नु ।

जीवन भनेको दीपको ज्योति ।
यै नै रहेछ अनमोल मोती ।
साँझ र विहानी घाम र छायाँ ।
सबैको हुन्छ आफ्नै चोखो माया ।

चलीरहुँ निरन्तर जहिल्यै ।
सपना छरौं आशाका पहिल्यै ।
जीवन यही कर्म पनि यही ।
सफल जीवन रहेछ यही ।

# विष्णु माझीको तीज गीत सार्वजनिक




काठमाडौं- चर्चित लोक तथा दोहोरी गायिका विष्णु माझीको नयाँ तीज गीत सार्वजनिक भएको छ ।

बुधबार बिहान "म त नराउरी" बोलको गीत युट्युबमा सार्वजनिक भएको हो । यो गीत "पुतलीको भट्टी" भाग २१ का रूपमा बजारमा आएको हो ।

तीज नजिकिँदा हरेक वर्ष विष्णु माझीको गीतको प्रतीक्षा हुन्छ । विष्णुको यस वर्षको तीज गीतमा पनि उनका श्रीमान सुन्दरमणि अधिकारीको शब्द तथा संगीत छ । भिडिओमा गत वर्षकै गीत "आइनँ आमा यो तीजमा" की मोडल ललिता पौडेलले निरन्तरता पाएकी छन् । भिडिओमा ६० जना कोरस डान्सर राखिएको छ ।

भिडिओको कोरियोग्राफी मौसम हिमालीले गरेका हुन् । छायांकन शम्भु चालिसेको छ भने सम्पादन प्रविन भट्टको हो ।


# 'पार्वती' खेल्दै दीपाश्री



काठमाडौं- 'छक्का पञ्जा' समूहले अर्को वर्ष मात्र नयाँ फिल्म बनाउने भएपछि दीपकराज गिरीबाहेक यो समूहका अन्य कलाकारहरुले बाहिरी ब्यानरका एकपछि अर्को फिल्ममा काम गरिरहेका छन् । केदार घिमिरे (माग्ने बुढा)ले गत वर्ष मात्र तीनवटा फिल्ममा अभिनय गरे । 'छक्का पञ्जा' श्रृंखलाकी निर्देशक तथा कलाकार दीपाश्री निरौलाले पनि लगातार फिल्ममा काम गरिरहेकी छन् ।

यतिबेला 'झरीपछिको इन्द्रेणी'को छायांकनमा व्यस्त रहेकी दीपाश्री अब अर्को नयाँ फिल्ममा आबद्ध भएकी छन् । अभिनेत्री नीता ढुंगानाको निर्देशनमा बन्न लागेको फिल्म 'पार्वती'मा उनी अनुबन्धित भएकी हुन् । मंगलबार दुवै पक्षबीच लिखित सम्झौता भएको हो । नीताका अनुसार फिल्ममा दीपाश्रीको भूमिका महत्त्वपूर्ण रहेको छ ।

नीता स्वयंले मुख्य भूमिकामा अभिनय गर्न लागेको फिल्ममा डान्स ग्रुप 'कार्टुन्ज क्रू'का सरोज अधिकारी सहायक निर्देशकको रूपमा जोडिएका छन् । आगामी असोजदेखि छायांकन सुरु हुने यो फिल्मको गत शनिबार दुईवटा पोस्टर सार्वजनिक गर्दै आगामी माघ १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको छ ।



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४,
२०८२ साल साउन २९ गते बिहीबार
14 AUGUST 2025, THURSDAY

# नाडा अटो शोको उद्घाटन प्रधानमन्त्री ओलीले गर्ने






काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी भाद्र ३ गतेदेखि काठमाडौंको भृकुटीमण्डपमा सुरु हुने १७औं संस्करणको नाडा अटो शो २०२५ को उद्घाटन गर्ने भएका छन् ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) का अध्यक्ष करण चौधरी नेतृत्वको प्रतिनिधिमण्डलले गरेको निमन्त्रणालाई प्रधानमन्त्री ओलीले सहर्ष स्वीकार गरेपछि उद्घाटन निश्चित भएको हो ।

सरकार प्रमुखबाटै अटो शोको उद्घाटन हुने भएपछि अटोमोबाइल व्यवसायीहरू उत्साहित भएका छन् । उनीहरूले यसलाई सरकारले अटोमोबाइल क्षेत्रलाई दिएको महत्त्व र सकारात्मक संकेतका रूपमा लिएका छन् ।

यस वर्षको अटो शो नाडाको ५०औं वार्षिकोत्सव (स्वर्ण जयन्ती) को विशेष अवसरमा आयोजना हुन लागेको हो, जसले कार्यक्रमलाई थप महत्त्वपूर्ण बनाएको छ । भाद्र ३ देखि ८ गतेसम्म चल्ने उक्त प्रदर्शनीमा १२५ भन्दा बढी प्रदर्शकहरूको सहभागिता रहनेछ भने ३० भन्दा बढी सवारी साधनका ब्रान्डहरूले आफ्ना नयाँ उत्पादन तथा प्रविधिहरू प्रस्तुत गर्नेछन् ।

नाडाका अनुसार, यस पटकको प्रदर्शनीमा विद्युतीय, हाइब्रिड र स्मार्ट मोबिलिटीका नवीनतम प्रविधिहरूलाई विशेष प्राथमिकतामा राखिएको छ । साथै, अवलोकनकर्ताका लागि यस पटकको विशेष आकर्षणका रूपमा भिन्टेज मोटर शो पनि रहनेछ, जहाँ पुराना र क्लासिक गाडीहरू प्रदर्शन गरिनेछ ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटघाटमा अध्यक्ष चौधरीसँगै नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठ, महासचिव सुरेन्द्रकुमार उप्रेती, सचिव विक्रम सिंघानिया, कोषाध्यक्ष मिलनबाबु मल्ल, सहकोषाध्यक्ष पंकज अग्रवाल तथा केन्द्रीय कार्य समिति सदस्य मेघराज पौडेललगायतको सहभागिता थियो ।

उक्त अवसरमा प्रतिनिधिमण्डलले प्रधानमन्त्रीलाई अटोमोबाइल क्षेत्रका वर्तमान अवस्था र चुनौतीबारे संक्षिप्त जानकारी गराउँदै अटो शोको महत्त्वबारे प्रकाश पारेको थियो । स्वर्ण जयन्तीको अवसरमा आयोजना हुन लागेको र प्रधानमन्त्रीबाटै उद्घाटन हुने भएपछि यस पटकको नाडा अटो शो विगतभन्दा भव्य र विशेष हुने अपेक्षा गरिएको छ ।










जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार